आज मिति २०८२ साल पौष २४ गतेका दिन यस मष्टा गाउँपालिका अध्यक्ष श्री ज्ञान बहादुर बोहराज्यूको अध्यक्षतामा गाउँसभाको पहिलो बैठक तपसिलको उपस्थितिमा बसी देहाय बमोजिम निर्णयहरु गरियो।

उपस्थिति:

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | ज्ञान बहादुर बोहरा | गा.पा. अध्यक्ष | |
| २ | हर्क धामी | गा पा उपाध्यक्ष | |
| ३ | रामचन्द रोकाया | वडा अध्यक्ष १ | |
| ४ | प्रकाश खड्का | वडा अध्यक्ष २ | |
| ५ | धर्मराज धामी | वडा अध्यक्ष ३ | |
| ६ | उत्तमराज जोशी | वडा अध्यक्ष ४ | |
| ७ | सुधन बहादुर कठायत | वडा अध्यक्ष ५ | |
| ८ | शिवराज बोहरा | वडा अध्यक्ष ६ | |
| ९ | धन बहादुर जेठारा | वडा अध्यक्ष ७ | |
| १० | प्रकाश ओखेडा | गाउँ सभा सदस्य | |
| ११ | शेर बहादुर सार्की | गाउँ सभा सदस्य | |
| १२ | तुलछि देवी ढ्वाल | गाउँ सभा सदस्य | |
| १३ | गोमती देवी खड्का | गाउँ सभा सदस्य | |
| १४ | झनी देवी कामी | गाउँ सभा सदस्य | |
| १५ | देउकला ओखेडा | गाउँ सभा सदस्य | |
| १६ | अमृता देवी धामी | गाउँ सभा सदस्य | |
| १७ | लक्ष्मी देवी कठायत | गाउँ सभा सदस्य | |
| १८ | सुर्जा बोहरा | गाउँ सभा सदस्य | |
| १९ | जोज्ञानी बोहरा | गाउँ सभा सदस्य | |

| | | | |
|---|---|---|---|
| २० | कमला रोकाया बोहरा | गाउँ सभा सदस्य | |
| २१ | जुनधरा सार्की | गाउँ सभा सदस्य | |
| २२ | हरीना देवी कामी | गाउँ सभा सदस्य | |
| २३ | शारदा सार्की | गाउँ सभा सदस्य | |
| २४ | शान्ती देवी आग्री | गाउँ सभा सदस्य | |
| २५ | हिमकला दमाई | गाउँ सभा सदस्य | |
| २६ | कलक बहादुर थापा | गाउँ सभा सदस्य | |
| २७ | शिवराज खड्का | गाउँ सभा सदस्य | |
| २८ | ईश्वर बहादुर कडायत | गाउँ सभा सदस्य | |
| २९ | शंकर बहादुर धामी | गाउँ सभा सदस्य | |
| ३० | शंकरलाल धामी | गाउँ सभा सदस्य | |
| ३१ | सरा देवी बुढा | गाउँ सभा सदस्य | |
| ३२ | अग्नीराज उपाध्याय | गाउँ सभा सदस्य | |
| ३३ | झलक बहादुर बोहरा | गाउँ सभा सदस्य | |
| ३४ | सुरेन्द्र बहादुर कठायत | गाउँ सभा सदस्य | |
| ३५ | राम बहादुर रोकाया | गाउँ सभा सदस्य | |
| ३६ | लाल बहादुर बोहरा | गाउँ सभा सदस्य | |
| ३७ | धौली बोहरा | गाउँ सभा सदस्य | |
| ३८ | रमेश कुमार खड्का | प्रमुख प्रशासकीय अधिकृत | |

अमन्त्रित

| | | | |
|---|---|---|---|
| ३९ | गौरी शंकर जोशी | सदस्य ( जि.स.स. बझाङ्ग | |

## गाउँसभाको तेह्रौं अधिवेशनको प्रथम बैठक २०८२।०९।२४ गतेका निर्णयहरुः

निर्णय नं. १ मष्टा गाउँपालिकाका अध्यक्ष एवं गाउँसभाका अध्यक्षज्यूबाट तपसिल बमोजिमको वाचन पत्र सहित गाउँसभाको बैठकको कारवाही सुरु गर्नु भएको थियो ।

गाउँ सभाका सदस्यहरू,

गाउँ सभाको तेह्रौं अधिवेशनको पहिलो बैठकको कारवाही प्रारम्भ हुन्छ। सुदूरपश्चिम प्रदेशको गाउँ सभा र नगर सभा (कार्यसञ्चालन) ऐन, २०७५ को दफा ३ बमोजिम आजबाट प्रारम्भ भएको मष्टा गाउँ सभाको तेह्रौं अधिवेशनमा सबै सदस्यहरूलाई हार्दिक स्वागत गर्दछु।

सर्व प्रथम जनताको अधिकार तथा लोकतन्त्र प्राप्तिका लागि आफ्नो प्राण आहुति गर्ने ज्ञात अज्ञात सहित प्रति मौन धारण गर्न अनुरोध छ ।

सभाका सदस्यहरू, हामी कार्यपालिका र सम्बन्धित सरोकारवालाहरुसँगको परामर्श तथा सहभागितामा गाउँपालिकाको विधान अधिवेशन तय गरेका छौं । स्थानीय सरकार जनताको प्रत्यक्ष सरोकार राख्ने जनताका इच्छा चाहना आवश्यकता परिपुर्ति गर्ने आधारस्तम्भको रुपमा रहेको हुँदा मष्टा गाउँपालिकाले नेपालको संविधानको मूल मर्म समन्वय, सहकार्य र सहअस्तित्वलाई आत्मसाथ गर्दै गाउँपालिकावासी लाई केन्द्रमा राखी विभिन्न कार्य गरिरहेका छौ ।

यो अधिवेशन हिउँदे अधिवेशन् भएकोले यस अधिवेशनलाई विधान अधिवेशनको रुपमा पनि लिइने गरिन्छ । तेह्रौं अधिवेशन सम्म आइपुग्दा हामीले विभिन्न ऐन जारी गर्न सक्षम भएका छौ । ऐनको आधारमा कार्यपालिकाले  नियमावली र कार्यविधि तथा निर्देशिका जारी गरि सकेको छ । गाउँसभाबाट पहिलो चरणमा संविधानको अनुसूची - ८ मा रहेका साझा अधिकार मध्ये संघीय तथा प्रदेश कानूनले स्थानीय सरकारको कार्यक्षेत्र भनी तोकेका अधिकार क्षेत्रमा क्रमशः कानून बनाउदै लगिनेछ । स्थानीय तहको दोस्रो निर्वाचन पश्चात हामीले २१ वटा ऐन नियमावली/ २० वटा कार्यविधि/ १८ वटा नीति/ रणनीति/ कार्ययोजना/ आचारसंहिता/ निर्देशिका निर्माण गरेका छौ ।

विभिन्न प्रकारका सूचकका आधारमा मुल्याङ्कन गर्दा गत आर्थिक बर्षमा मष्टा गाउँपालिकामा राम्रो अवस्थामा रहेको छ । आर्थिक वर्ष २०८०।०८१ को स्थानीय तहको संस्थागत मुल्याङ्कनमा ८२.२५ अंक वित्तीय जोखिम सुशासन मुल्याङ्कनमा ७९ अंक ल्यायका छौ । प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको गाउँपालिकाको कार्यसम्पादन मुल्याङ्कनमा ७२.३९ अंक प्राप्त गरेका छौ । गाउँपालिकाको गत आर्थिक वर्ष २०८०।०८१ को अन्तिम लेखा परीक्षण गरी प्रतिवेदन प्राप्त गरेका छौ । यो प्रतिवेदन अनुसार हाम्रो वार्षिक बजेटको १.२७ प्रतिशत रहेको छ । जुन जिल्लाका अन्य स्थानीय तहको भन्दा

धेरै कम रहेको छ । यी सबै कार्य सम्पादनको सूचकहरुको मुल्याङ्कनबाट हाम्रो क्षमता र कार्यसम्पादन राम्रो भएको देखिन्छ ।

गाउँसभाका सदस्यहरु

यो गाउँसभा बैठक बिधान अधिवेशन भएकोले विशेष गरी ऐन नियमावली कार्यविधि निर्देशिका नीतिका विषयहरुम केन्द्रित हुनेछ । साथै अन्य विषयवस्तुहरु पनि रहने छन ।

**गाउँ सभाका सदस्यहरु, यस तेह्रौ अधिवेशन सम्म आइपुग्दा हामीले १२ औं अधिवेशन सम्पन्न गरेका छौ र यस अधिवेशनमा हामी मुख्यतया देहायका कार्यसूचीमा रही छलफल गर्नेछु ।**

क. अधिवेशन सफलताको शुभकामना मन्तव्य राख्ने ।

ख. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२

ग. बेरुजु फर्योट कार्यविधि कार्यविधि, २०८२

घ. लेखा समिति गठन तथा कार्य सञ्चालन कार्यविधि, २०८२

ङ. गाउँसभा सचिवालय स्थापना कार्यसञ्चालन कार्यविधि, २०८२

च. संशोधित योजना तथा कार्यक्रम अनुमोदन तथा थप योजना सम्बन्धी प्रस्ताव पेश,

छ. बिविध विषयमा छलफल र समापन ।

त्यस पछि अध्यक्षज्यूबाट मष्टा गाउँपालिकाको गाउँसभाको तेह्रौ अधिवेशनको बैठक आह्वान गरिएको पत्रको व्यहोरा पढेर सुनाउनु भई बैठको अन्य विषयवस्तु अगाडि बढाउनु भएको थियो ।

निर्णय नं २ मष्टा गाउँपालिकाको दोस्रो गाउँसभाको तेह्रौ अधिवेशनको पहिलो बैठकमा तपशिल बमोजिमका सदस्यहरुले समसामयिक विषयमा शुभकामना मन्तव्य राख्नु भएको थियो ।

तपसिलः

- *श्री कलक बहादुर थापा- न्यायिक समिति सदस्य एवं वडा नं १ का वडा सदस्य*
- श्री शिवराज बोहरा- वडा नं ६ का वडा अध्यक्ष
- श्री उत्तमराज जोशी- गाउँपालिका प्रवक्ता एवं वडा नं ४ का वडा अध्यक्ष
- श्री गोमति देवी खड्का- कार्यपालिका सदस्य
- श्री रामचन्द्र रोकाया- वडा नं १ का वडा अध्यक्ष
- श्री सुधन बहादुर कठायत- वडा नं ५ का वडा अध्यक्ष

- श्री धन बहादुर जेठारा- वडा नं ७ का वडा अध्यक्ष
- श्री तुलसी देवी द्वाल- कार्यपालिका सदस्य

निर्णय नं २ मष्टा गाउँपालिकाको बैठकको **दोस्रो नम्बरमा** रहेको कार्यसूची अनुसार सुदूरपश्चिम प्रदेशको कानुन निर्माण प्रक्रिया ऐन, २०७५ को दफा १३ को (३) बमोजिम तपसिल बमोजिमका कार्यविधि उपर विचार गरियोस भन्ने प्रस्ताव पेश गरियो ।

तपसिलः

क. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२
ख. बेरुजु फर्यौट कार्यविधि कार्यविधि, २०८२
ग. लेखा समिति गठन तथा कार्य सञ्चालन कार्यविधि, २०८२
घ. गाउँसभा सचिवालय स्थापना कार्यसञ्चालन कार्यविधि, २०८२

प्रस्तुत विधेयक माथि सैद्धान्तिक छलफल प्रारम्भ भई पेश भएका विधेयकहरु माथिको सैद्धान्तिक विषयको छलफलमा आफ्नो धारणा राख्न सभाका तपसिल बमोजिमका सदस्यहरुलाई अनुमति दिनु भयो ।

- श्री कलक बहादुर थापा- न्यायिक समिति सदस्य एवं वडा नं १ का वडा सदस्य
- श्री शिवराज बोहरा- वडा नं ६ का वडा अध्यक्ष
- श्री उत्तमराज जोशी- गाउँपालिका प्रवक्ता एवं वडा नं ४ का वडा अध्यक्ष
- श्री शेर बहादुर सार्की- कार्यपालिका सदस्य
- श्री प्रकाश ओखेडा- कार्यपालिका सदस्य
- श्री सुधन बहादुर कठायत- वडा नं ५ का वडा अध्यक्ष
- श्री धर्मराज धामी- वडा नं ३ का वडा अध्यक्ष

उपर्युक्त प्रस्तावहरु सर्वसम्मतिले पारित गरी मिति २०८२।०९।२५ गते दिनको १० बजे गाउँसभाको तेह्रौं अधिवेशनको दोस्रो बैठक बस्ने गरी आजको बैठक स्थगित गरियो ।